# लिलाम बिक्री सम्बन्धी सूचना ।

प्रथम पटक प्रकाशन मिति : २०८२/०९/०४

नेपाल विद्युत प्राधिकरण बालाजु वितरण केन्द्रमा रहेका पुराना जिन्सी सामान एवं उपकरणहरु लिलाम बिक्रि गर्नुपर्ने भएकोले लिलाम बिक्रि गर्न यो बोलपत्रको सुचना प्रकाशित गरिएको छ ।

तपशिल :

१) बोलपत्रदाताले बोलपत्र आवेदन फारमको साथमा **ने.वि.प्रा. बालाजु वितरण केन्द्रको** नाममा नबिल बैक लिमिटेडमा रहेको धरौटी खाता नं. 00201017505492 मा (पछि फिर्ता नहुने गरी) रु.**१,५००/००** (अक्षरुपी एक हजार पाँच सय रुपैयाँ मात्र) जम्मा गरी सो को बैंक भौचर, बोलपत्र जमानतपत्र, फर्म/कम्पनी दर्ता, कर दर्ता प्रमाणपत्र र हाल सम्मको नविकरण/कर चुक्ता प्रमाण पत्रको नोटरी पब्लिकद्धारा प्रमाणित प्रतिलिपि तथा व्यक्तिको हकमा पान नं र नागरिकता प्रमाण पत्रको नोटरी पब्लिकद्धारा प्रमाणित प्रतिलिपि सहित रीतपुर्वक भरी E-Bidding PPMO Website: www.bolpatra.gov.np/egp/ मार्फत आवेदन गर्नु पर्नेछ ।

२) बोलपत्र प्रकाशित मितिले ३१ औ दिनको १२:०० बजे सम्ममा बोलपत्र दर्ता गरि सक्नु पर्नेछ । सोही दिनको १४:०० बजे बालाजु वितरण केन्द्रमा बोलपत्र खोलिनेछ ।

३) बोलपत्रदाताले आफूले कबोल गरेको रकमको १०% रकम बराबरको नगदै नेपाल विद्युत प्राधिकरण बालाजु वितरण केन्द्रको नाममा श्री नबिल बैंक लि. मा रहेको खाता नं. ००२०१०१७५०५४९२, खाता नाम : NEA BALAJU DISTRIBUTION CENTER मा दाखिला गरि सोको सक्कल भौचर वा नेपाल स्थित "क" वर्गको वाणिज्य बैंकबाट यस प्राधिकरणको पक्षमा जारी भएको कम्तीमा ९० दिन म्याद भएको बैंक जमानत संलग्न गर्नु पर्नेछ ।

४) लिलाम हुने पुराना सामानमा नियम अनुसार लाग्ने सम्पूर्ण कर सम्बन्धित बोलपत्रदाताले तिर्नु बुझाउनु पर्नेछ ।

५) प्रस्तुत लिलामी सामानहरुको न्यूनतम मुल्याङ्कीत रकम रु ८८,९३,५४०।९६ (अक्षरुपी अठासी लाख तिरानब्बे हजार पाँच सय चालिस रुपैया पैसा छ्यानब्बे मात्र) मुल्य अभिबृद्दि कर सहित रहेको छ । न्यूनतम मूल्य भन्दा बढी मूलय कबोल गर्ने बोलपत्रदाताहरु मध्येबाट सबैभन्दा बढी मूल्य कबोल गर्ने बोलपत्रदाताको बोलपत्र स्वीकृत गरिनेछ ।

६) प्रस्तुत विषयमा विस्तृत जानकारी ने.वि.प्रा.को Website : nea.org.np or www.bolpatra.gov.np/egp मा हेर्न सकिनेछ वा यस वितरण केन्द्रको सम्पर्क नं. ९८५१२४८८९६ मा सम्पर्क गरि बुझ्न सकिनेछ ।

नेपाल विद्युत प्राधिकण
बालाजु वितरण केन्द्र
बालाजु, काठमाण्डौं ।

वितरण केन्द्र प्रमुख

# नेपाल विद्युत प्राधिकरण

## वितरण तथा ग्राहक सेवा निर्देशनालय

## बागमती प्रादेशिक कार्यालय

## बालाजु वितरण केन्द्र

## बालाजु, काठमाण्डौं

**बोलपत्र कागजात/पुस्तिका**

**कार्यालयको काममा प्रयोग नआउने बेकम्मा पुराना सामानहरु लिलाम बिक्री सम्वन्धी बोलपत्र फारम**

बोलपत्र सूचना नं. NEA-BJDC-2082/083-LILAMI-01

**सम्पर्क कार्यालय :**

नेपाल विद्युत प्राधिकरण

वितरण तथा ग्राहक सेवा निर्देशनालय

बालाजु वितरण केन्द्र

बालाजु, काठमाण्डौं

फोन नं. ०१-४९११०४८/०१-४९११०४९/९८५१२४८८९६

# नेपाल विद्युत प्राधिकरण
## वितरण तथा ग्राहक सेवा निर्देशनालय
## बागमती प्रादेशिक कार्यालय
## बालाजु वितरण केन्द्र
बालाजु, काठमाण्डौं

लिलाम बिक्रीको बोलपत्र फारम

लिलाम बिक्री बोलपत्र आव्हान सुचना नं. :- NEA-BJDC-2082/083-LILAMI-01

लिलामको विवरण :- ने.वि.प्रा. बालाजु वितरण केन्द्रमा रहेका पुराना बेकम्मा भएका जिन्सी सामानहरु लिलाम गरिने ।

बोलपत्रदाताको नाम :-

बोलपत्रदाताको ठेगाना :-

बोलपत्र प्रकाशन मिति :- २०८२/05/04

बोलपत्र खरिद गर्ने अन्तिम मिति :- २०८२/

बोलपत्र दाखिला गर्ने अन्तिम मिति :- २०८२/

बोलपत्र पेश गरेको मिति :- २०८२/

बोलपत्र खोल्ने मिति :- २०८२/

टेलिफोन नम्बर :-

# नेपाल विद्युत प्राधिकरण

## वितरण तथा ग्राहक सेवा निर्देशनालय

### बागमती प्रादेशिक कार्यालय

### बालाजु वितरण केन्द्र

बालाजु, काठमाण्डौं

विषय :-

(क) बोलपत्रको सूचना

(ख) बोलपत्रको लागि आवेदन फाराम

(ग) लिलाम बिक्री बोलपत्र दिनेबारे निर्देशन तथा शर्तहरु

(घ) परिमाण र मूल्य पत्र

बालाजु वितरण केन्द्र, बालाजु

# नेपाल विद्युत प्राधिकरण

## वितरण तथा ग्राहक सेवा निर्देशनालय

### बागमती प्रादेशिक कार्यालय

### बालाजु वितरण केन्द्र

बालाजु, काठमाण्डौं

(क)

**लिलाम बिक्री सम्वन्धी सूचना**

प्रकाशित मिति :- २०८२/०९/०४ गते (राष्ट्रिय पत्रिका, ने.वि.प्रा.को वेवसाईट, **bolpatra.gov.np/egp**) **नेपाल विद्युत प्राधिकरण बालाजु वितरण केन्द्र बालाजु, काठमाण्डौं**को स्टोरमा रहेका पुराना भई काम लाग्न नसक्ने, टुटफुट भई बेकम्मा भएका र पुनः मर्मत नहुने भनि किटान भएका वा मर्मत भएपनि पुरानो मोडल, त्यसको पार्टपूर्जाको अभाव भएको वा प्रविधि परिवर्तनको कारण वर्तमान अवस्थामा अनुपयोगी ठहरिएका मालसामानहरु जे जस्ता अवस्थामा रहेका छन् सोही अवस्थामा लिलाम विकी गर्नुपर्ने भएकोले इच्छुक फर्म/कम्पनी/व्यक्ति बाट बोलपत्र आह्वान गरिएको छ ।

**शर्तहरु :**

१) बोलपत्रदाताले बोलपत्र पेश गर्दा बोलपत्र आवेदन फारमको साथमा **ने.वि.प्रा. बालाजु वितरण केन्द्रको** नबिल बैक लिमिटेडमा रहेको धरौटी खाता नं. 00201017505492 मा पछि फिर्ता नहुने गरी **रु.१,५००/००** (अक्षरुपी एक हजार पाँच सय रुपैयाँ मात्र) जम्मा गरी सो को सक्कल बैंक भौचर, बोलपत्र जमानतपत्र, फर्म/कम्पनी दर्ता, कर दर्ता प्रमाणपत्र र हाल सम्मको नविकरण/कर चुक्ता प्रमाण पत्रको नोटरी पव्लिकद्धारा प्रमाणित प्रतिलिपि तथा व्यक्तिको हकमा पान नं र नागरिकता प्रमाण पत्रको नोटरी पव्लिकद्धारा प्रमाणित प्रतिलिपि सहित E-Bidding मार्फत पेश गर्नु पर्नेछ ।

२) सूचना प्रकाशित भएको मितिले एकतिसौं दिन दिनको १२:०० बजे भित्र E-Bidding मार्फत बोलपत्र दर्ता गरिसक्नु पर्नेछ । बोलपत्र सोही दिन दिनको १४:०० बजे उपस्थित बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवर (प्रतिनिधि उपस्थित नभएपनि खोल्न बाधा नपर्ने) मा ने.वि.प्रा. बालाजु वितरण केन्द्र बालाजु, काठमाण्डौंमा खोलिनेछ । बोलपत्र खोल्ने मितिमा सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन खोलिनेछ । माथि उल्लेखित समय र स्थान बाहेक दर्ता हुन आएका बोलपत्र स्वत: रद्ध हुनेछ ।

३) E-Bidding मार्फत बोलपत्र पेश गर्दा Bid security बापतको रकम अन्यत्र जेसुकै लेखिएको भएतापनि बोलपत्रमा आफूले कवोल गरेको रकमको १० (दश) प्रतिशत बराबरको नगद ने.वि.प्रा., बालाजु वितरण केन्द्रको नाममा नबिल बैक लिमिटेडमा रहेको धरौटी खाता नं. 00201017505492 मा जम्मा गरी सो को सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट अनुमति प्राप्त "क" श्रेणीको वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको कम्तीमा ९० (नब्बे) दिन म्याद भएको विना शर्तको बैक जमानत पत्र समावेश हुनु पर्नेछ ।

४) लिलाम गरिने सामानहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लैजानु पर्नेछ । लिलाम हुने पुराना सामानहरुमा कर लाग्ने भएमा नियमानुसार लाग्ने सम्पूर्ण कर सम्वन्धित बोलपत्रदाताले नै तिर्नु/बुझाउनु पर्नेछ ।

५) यस वितरण केन्द्रवाट लिलाम गरिने पुराना सामानहरुको न्युनतम मूल्याङकीत रकम मु.अ.कर सहित रु.८८,९३,५४०।९६ (अक्षरुपी अठासी लाख तिरानब्बे हजार पाँच सय चालिस रुपैयां र छ्यानब्बे पैसा मात्र ) रहेको छ । न्युनतम मूल्याकंन रकम भन्दा सवैभन्दा बढी मूल्य कवोल गर्ने बोलपत्रदाताको वोलपत्र स्वीकृत गरिनेछ ।

६) लिलामीमा रहेका पुराना सामानहरु बालाजु वितरण केन्द्रमा आइ स्थलगत निरिक्षण गर्न सकिनेछ । पछि कुनै किसिमको अनभिज्ञता प्रकट गर्न पाईने छैन, स्थलगत निरिक्षण नगरी बोलपत्र पेश गरेमा पनि स्थलगत निरिक्षण गरेको मानिनेछ । अन्य विस्तृत जानकारीका लागि यस कार्यालयको फोन नं. ०१-५९११०४८/०१-५९११०४९/९८५१२४८८९६ मा सम्पर्क गर्न सकिनेछ ।

# नेपाल विद्युत प्राधिकरण
## वितरण तथा ग्राहक सेवा निर्देशनालय
### बागमती प्रादेशिक कार्यालय
### बालाजु वितरण केन्द्र
बालाजु, काठमाण्डौं

(ख)

**बोलपत्रको लागि आवेदन फारम**

**बोलपत्र नं.**

**कार्य विवरण** :- पुराना काम नलाग्ने बेकम्मा सामानहरु लिलाम बिक्री खरिद गर्न पेश गरेको दर रेट विवरण ।

श्री वितरण केन्द्र प्रमुख ज्यू,
नेपाल विद्युत प्राधिकरण
बालाजु वितरण केन्द्र ।

महोदय,
मैले/हामीले त्यस कार्यालयको मिति २०८२/..../.... गतेको .................. मा प्रकाशित सूचना बमोजिम लिलाम बिक्री हुने पुराना बेकम्मा सामानहरु हेरें/हेर्‍यौं र उल्लेख भएका सामानहरुको मूल्यपत्र आदि कागजातहरुको राम्रोसँग अध्ययन तथा जाँच गरे पछि मैले/हामीले ( तल सहिछाप गर्ने), रु................ ( अक्षरुपी...................................................................................मात्र) मा उल्लेखित शर्त परिमाणको मूल्य आदि सम्पूर्ण सामानहरु उठाई लैजान मन्जुरी जनाई पेश गरेको छु/छौं । कुनै कारण जनाई वा नजनाई आंशिक वा पूरा बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार त्यस प्राधिकरणमा सुरक्षित रहेको व्यहोरा जाने बुँझेको छु/छौं ।

बोलपत्रदाता व्यक्ति/फर्म/कम्पनीको नाम थर :-

बोलपत्रदाताको दस्तखत :-

स्थायी ठेगाना :-

अस्थायी ठेगाना :-

मिति :-

सम्पर्क फोन नं.:-

# नेपाल विद्युत प्राधिकरण
## वितरण तथा ग्राहक सेवा निर्देशनालय
### बागमती प्रादेशिक कार्यालय
### बालाजु वितरण केन्द्र
बालाजु, काठमाण्डौं

(ग)

**लिलाम बिक्री बोलपत्र सम्बन्धी निर्देशन तथा शर्तहरु**

**१) बोलपत्रको आधार** :-

बोलपत्रको भाषा नेपाली हुनेछ । बोलपत्र सम्बन्धी निर्देशन तथा शर्तहरु निम्न कागजात अनुसार कार्यान्वयन गरिनेछ ।

(क) बोलपत्र

(ख) बोलपत्रका शर्तहरु

(ग) परिमाण मुल्यपत्र (**Bill Of Quantity**)

बोलपत्रका सम्बन्धमा कुनै कुरा प्रष्ट नभएमा नेपाल विद्युत प्राधिकरण बालाजु वितरण केन्द्र बालाजु, काठमाण्डौंमा सम्पर्क राखी वा यस सम्बन्धी प्रष्ट बुँझेर मात्र यो बोलपत्र दाखिला गर्नु पर्नेछ ।

**२) परिमाणको व्याख्या** :-

बोलपत्रदाताले यस बोलपत्रमा उल्लेख गरिएको परिमाण मूल्यपत्र (BOQ) अनुसार कार्यालयको काममा प्रयोगमा नआउने बेकम्मा पुराना सामानहरु सबैको मुल्य अंकित गर्नु पर्नेछ ।

**३) स्थलगत निरीक्षण** :-

बालाजु वितरण केन्द्रको स्टोरवाट लिलाम गर्ने सामानहरु भण्डारण गरिएको एरिया/परिसरमा रहेका लिलामी हुने सामानहरु कार्यालय समय भित्र हेर्न एवं जानकारी लिन सकिनेछ । टुटफुट भएका कारण कतिपय सामानहरुको परिमाणमा थपघट हुन सक्नेछ, सामानहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा उठाई लैजानु पर्ने भएकोले सामानहरुको अवस्था जानकारी लिएर मात्र बोलपत्रमा भाग लिनुपर्नेछ, यस सम्बन्धमा पछि कुनै प्रकारको अनभिज्ञता प्रकट गर्न पाइने छैन ।

**४) बोलपत्र भर्ने** :-

बोलपत्रदाताले प्राधिकरणबाट उपलब्ध गराईएको फारममा उल्लेख भएको सबैकुरा खुलाई प्रत्येक पानामा सहिछाप गर्नु पर्नेछ । परिमाणको मूल्य, दर तालिकाको निर्दिष्ट स्थानमा अंक र अक्षरमा स्पष्ट उल्लेख गरिएको हुनु पर्नेछ, अंक र अक्षरमा लेखिएको रकममा कुनै फरक परेमा

अक्षरमा लेखिएको रकमलाई मान्यता दिईनेछ । बोलपत्र रकम नेपाली रुपैयाँमा उल्लेख गर्नु पर्नेछ ।

**५) बोलपत्रको लागि धरौटी रकम :-**

बोलपत्रसाथ बोलपत्रदाताले कबोल गरेको कुल रकमको १० प्रतिशतले हुन आउने रकम धरौटी वापत नेपाल विद्युत प्राधिकरण बालाजु वितरण केन्द्रको नाममा नबिल बैक लिमिटेडमा रहेको धरौटी खाता नं. 00201017505492 मा नगदै जम्मा गरेको सक्कल बैंक भौचर वा बैंक जमानतको हकमा कम्तिमा **९०(नब्बे दिन)** दिन मान्य अवधि भएको नेपाल राष्ट्र बैंकबाट अनुमति प्राप्त "क" श्रेणीको वाणिज्य बैंकबाट जारी भएको बैंक जमानतपत्र संलग्न गर्नु पर्नेछ । उपरोक्तानुसारको बैंक जमानतपत्र संलग्न नभएको बोलपत्र स्वतः अमान्य हुनेछ । असफल बोलपत्रदाताको धरौटी रकम सफल बोलपत्रदाताले कबोल गरे अनुसारको सम्पूर्ण रकम जम्मा गरी सम्झौता गरे पछि मात्र फिर्ता गरिनेछ ।

**६) बोलपत्र दाखिला गर्ने तथा खोल्ने :-**

बोलपत्र सुचना प्रकाशन भएको ३१ औं दिनको १२:०० बजे भित्र **E-Bidding** मार्फत नेपाल विद्युत प्राधिकरण बालाजु वितरण केन्द्र बालाजु, काठमाण्डौंमा दर्ता गराई सक्नु पर्नेछ । प्राप्त भएका बोलपंत्रहरु सोही दिन दिनको १४:०० बजे बोलपत्रदाताहरु वा निजबाट अख्तियार प्राप्त प्रतिनिधिहरुको रोहवरमा (निजहरु अनुपस्थित रहेमा पनि) बालाजु वितरण केन्द्र, बालाजु, काठमाण्डौंमा खोलिनेछ । उक्त दिन कार्यालय बिदा पर्न गएमा त्यसको भोलिपल्ट (कार्यालय खुलेको दिन) माथि उल्लेखित समय र स्थानमा बोलपत्र खोल्ने कार्य गरिनेछ । माथि उल्लेखित स्थान बाहेक अन्यत्र दर्ता भएका वोलपत्र स्वतः रद्ध हुनेछन् ।

**७) सूचना पठाउने ठेगाना :-**

बोलपत्रदाताले बोलपत्रमा पत्र व्यवहार गर्ने आफ्नो नाम थर, स्थायी, अस्थायी ठेगाना, सम्पर्क टेलिफोन नम्बर र ईमेल ठेगाना समेत उल्लेख गर्नु पर्नेछ । उक्त ठेगानामा कुनै पनि माध्यमबाट पठाईएको पत्रहरु समयमा पुगेको मानिनेछ ।

**८) बोलपत्र अस्वीकृत हुने अवस्था :-**

(क) सम्बन्धित कार्यालयबाट विक्री भएको बोलपत्र फाराम भरी दाखिला नगरेमा वा खरिद तथा दाखिला गर्ने व्यक्ति, फर्म, कम्पनीको नाम एउटै नभएमा ।

(ख) बोलपत्र पेश गर्दा जुन नामबाट बोलपत्र खरिद गरिएको हो सोही नामबाट बोलपत्र दाखिला गर्नु पर्नेछ । संयूक्त उपक्रममा बोलपत्र पेश गर्दा संयूक्त उपक्रमकै नामबाट बोलपत्र खरिद गर्नु पर्नेछ, एकलनामबाट बोलपत्र खरिद भई संयूक्त उपक्रममा बोलपत्र दाखिला गर्न सकिने छैन ।

(ग) बोलपत्र बमोजिम खुलाउनुपर्ने कुरा उल्लेख नगरेमा वा गलत उल्लेख गरेमा वा बोलपत्र दाखिल गर्ने मिति र समय भित्र बोलपत्र दाखिला नगरेमा ।

**१३) कर तथा अन्य दस्तुर** :-

(क) आफूले खरिद गर्न चाहेको सम्पुर्ण पुराना सामानहरुमा नियमअनुसार लाग्ने सवै कर, दस्तुर, महशुल भए सो समेत र अन्य लाग्ने सम्पूर्ण खर्च बोलपत्रदाता आफैले भुक्तानी गनु पर्नेछ ।

(ख) लिलाम सकारे वापत कुनै किसिमको दस्तुर तिर्न बुझाउनु पर्ने भएमा उक्त सम्पूर्ण रकम बोलपत्रदाता स्वयंले व्यहोर्नु पर्नेछ ।

**१४) यस सँग सम्बन्धीत कानुनी कुराहरु** :

यसमा उल्लेख भएका विषयमा यसै बमोजिम र नभएको हकमा ने.वि.प्रा. आर्थिक प्रशासन विनियमावली २०६८, (संशोधन सहित) तथा सम्बन्धित अन्य विनियमावली अनुसार र सो मा पनि उल्लेख नभएकोमा नेपाल सरकारको प्रचलित कानुन बमोजिम हुनेछ ।

माथि उल्लेखित सबै शर्तहरु स्वीकार गर्न मञ्जुर छु भनि सहीछाप गर्ने बोलपत्रदाता वा निजको अधिकार प्राप्त अधिकारीको सहीछाप :-

बोलपत्रदाता व्यक्ति/फर्म/कम्पनीको नाम :-

प्रोपाइटर वा अख्तियार प्राप्त व्यक्तिको नाम :-

स्थायी ठेगाना :-

अस्थायी ठेगाना :-

सहीछाप (प्रत्येक पानामा समेत) :-

मिति :- टेलिफोन/मोबाइल नं.

(घ) माग गरेको बोलपत्र धरौटी (बैंक जमानतपत्र) वापतको रकम बोलपत्रको साथमा संलग्न नगरेमा ।

(ङ) बोलपत्र फारमका साथ संलग्न गरी पेश गरिएको परिमाण मूल्यपत्र (BOQ) मा केरमेट गरेको तथा परिमाण र मूल्य सच्याँईएको खण्डमा ।

(च) बोलपत्रदाताले आफ्नो शर्त वा प्रस्ताव सहित बोलपत्र दाखिला गरेमा, नेपाल विद्युत प्राधिकरणलाई सो मान्य नभएमा ।

**९) बोलपत्र स्वीकृत** :-

सामान्यतया न्यूनतम मूल्य भन्दा बढी मूल्य कबोल गर्ने बोलपत्रदाताहरु मध्ये सबैभन्दा बढी मूल्य कबोल गर्ने बोलपत्रदाताको बोलपत्र स्वीकृत गरिनेछ । कुनै कारण जनाई वा नजनाई बोलपत्रमा सबैभन्दा बढी मूल्यांकित बोलपत्रदाताको बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा बोलपत्र रद्ध गर्ने सम्पूर्ण अधिकार नेपाल विद्युत प्राधिकरण, बालाजु वितरण केन्द्रमा सुरक्षित रहनेछ ।

**१०) सम्झौता गर्न आउने** :-

दर्ता हुन आएका बोलपत्रहरुको मूल्याङ्कन समाप्त भई मूल्यांकन प्रतिवेदन पेश भए पछि बोलपत्र प्रस्तुत कर्ताको प्रस्ताव स्वीकृत भएको जानकारी तुरुन्तै दिईनेछ । तोकिएको समय भित्र सम्झौता गर्न आउनु स्वीकृत बोलपत्रदाताको कर्तव्य हुनेछ । यसरी समयमानै सम्झौता गर्न नआएमा वा कबोल गरे अनुसारको रकम जम्मा गरि लिलामी सामानहरु एकमुष्ट नउठाएमा बोलपत्र जमानत वापत राखेको धरौटि जफत गरि नेपाल विद्युत प्राधिकरण, आर्थिक प्रशासन विनियमावली २०६८ ( संशोधन सहित) अनुरुप कारवाही हुनेछ । यसमा उल्लेख नभएको विषयहरुमा नेपाल विद्युत प्राधिकरणको नियम विनियम तथा नेपाल सरकारको प्रचलित नियम कानुन अनुसार कारवाही गरिनेछ ।

**११) बोलपत्रको सम्झौता** :-

स्वीकृत भएको बोलपत्रदाताले कबोल गरेको सबै रकम नेपाल विद्युत प्राधिकरण बालाजु वितरण केन्द्रको नाममा नविल बैंक लिमिटेडमा रहेको धरौटी खाता नं. 00201017505492 मा नगदै जम्मा गरेको सक्कल बैंक भौचर साथ सम्झौता गर्न आउनु पर्नेछ । बोलपत्रदाताले उल्लेखित कार्यालयको काममा प्रयोगमा नआउने पुराना सामानहरु जे जस्तो अवस्थामा छन् सोहि अवस्थामा बुझेर लिनु पर्नेछ ।

**१२) सामान उठाई लैजानु पर्ने अवधि** :-

सफल बोलपत्रदाताले सम्पूर्ण रकम जम्मा गरी कार्यादेश पाएको मितिले ३० (तीस) दिन भित्र लिलाम गरिएका सामानहरु जे जस्तो अवस्थामा छ सोही अवस्थामा (कुनै पनि काम नलाग्ने सामानहरु भएमा पनि) उठाई लैजानु पर्नेछ । सामान ढुवानी तथा कामदारको खर्चको व्यवस्था बोलपत्रदाता स्वयं आफैले गर्नु पर्नेछ । तोकिएको म्याद भित्र लिलामी गरिएका सामानहरु उठाई नलगेमा जम्मा गरेको रकम जफत गरि ने.वि.प्रा., आर्थिक प्रशासन विनियमावली, २०६८ (संशोधन सहित) बमोजिम कारबाही गरिनेछ ।

# नेपाल विद्युत प्राधिकरण

## वितरण तथा ग्राहक सेवा निर्देशनालय

### बागमती प्रादेशिक कार्यालय

### बालाजु वितरण केन्द्र

बालाजु, काठमाण्डौं

(३)

## परिमाण र मुल्यपत्र (BOQ)

# Bill of Quantity

# नेपाल विद्यूत प्राधिकरण
## वितरण तथा ग्राहक सेवा निर्देशनालय
## बागमति प्रादेशिक कार्यालय
## बालाजू वितरण केन्द्र

परिमाण र मुल्यपत्र **Bill Of Quantity**

| क्र.स. | सामानको बिवरण | इकाई | सँख्या (क) | कार्यालयको स्वीकृत प्रतिईकाई दररेट (ख) | कार्यलयको कुल रकम (ग=क*ख) | बोलपत्र कबोल गरेको प्रति इकाई दर | | बोलपत्र कबोल गरेको कुल रकम | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | रु.अंकमा (घ) | अक्षेरुपी (अक्षरमा) | रु.अंकमा (ग=क*ख) | अक्षेरुपी (अक्षरमा) |
| १ | Wall fan | Nos | ५ | १६० | ८००।०० | | | | |
| २ | Helogen heater | Nos | १२ | ११७ | १४०४।०० | | | | |
| ३ | Telephone Set | Nos | १५ | १० | १५०।०० | | | | |
| ४ | Reading Hand device | Nos | ८ | ९ | ७२।०० | | | | |
| ५ | woofer speaker | Nos | १ | ५२ | ५२।०० | | | | |
| ६ | CPU | Nos | ४ | २९६ | ११८४।०० | | | | |
| ७ | Safety belt | Nos | ३ | ३८ | ११४।०० | | | | |
| ८ | Calculator | Nos | ४ | ६ | २४।०० | | | | |
| ९ | Fan heater | Nos | ३ | १३० | ३९०।०० | | | | |
| १० | Wire cutter | Nos | १ | ८२ | ८२।०० | | | | |
| ११ | Scanner | Nos | ३ | २५ | ७५।०० | | | | |
| १२ | Monitor | Nos | १० | ९३ | ९३०।०० | | | | |
| १३ | Laptop | Nos | १ | २०३ | २०३।०० | | | | |
| १४ | Printer | Nos | ११ | १७४ | १९१४।०० | | | | |

| क्र.सं. | सामानको विवरण | इकाई | सँख्या | कार्यालयको स्वीकृत प्रतिईकाई दररेट | कार्यालयको कुल रकम | बोलपत्र कबोल गरेको प्रति इकाई दर | | बोलपत्र कबोल गरेको कुल रकम | |
|---|---|---|---|---|---|---|---|---|---|
| १५ | Mobile | Nos | २ | २० | ४०।०० | | | | |
| १६ | Harddisk | Nos | १ | ६ | ६।०० | | | | |
| १७ | Revolving chair | Nos | १५ | १५८ | २३७०।०० | | | | |
| १८ | Steel ladder | Nos | ४ | ७७३ | ३०९२।०० | | | | |
| १९ | Wooden ladder | Nos | २ | ३५ | ७०।०० | | | | |
| २० | Steel daraj | Nos | ६ | ३२५० | १९५००।०० | | | | |
| २१ | Wooden table | Nos | ६ | ३५ | २१०।०० | | | | |
| २२ | TEA TABLE | Nos | १ | १३ | १३।०० | | | | |
| २३ | Search light | Nos | १ | २६ | २६।०० | | | | |
| २४ | Safety helmet | Nos | १० | ८ | ८०।०० | | | | |
| २५ | Tin box | Nos | १ | ६५० | ६५०।०० | | | | |
| २६ | operating rod tukra | Nos | १६ | ८ | १२८।०० | | | | |
| २७ | Water tank | Nos | १ | ५२०० | ५२००।०० | | | | |
| २८ | Water dispenser | Nos | १ | १०२ | १०२।०० | | | | |
| २९ | Water machine(motor) | Nos | १ | ३७८२ | ३७८२।०० | | | | |
| ३० | Token power supply system | Nos | १ | ४२६ | ४२६।०० | | | | |
| ३१ | 2 Ton vice | Nos | १ | २७३ | २७३।०० | | | | |
| ३२ | Electric Tharmus | Nos | ६ | १४४ | ८६४।०० | | | | |

बालाजु वितरण केन्द्र, बालाजु

| क्र.स. | सामानको विवरण | इकाई | सँख्या | कार्यालयको स्वीकृत परिमार्जन गरेर | कार्यलयको कुल रकम | बोलपत्र कबोल गरेको प्रति इकाई दर | | बोलपत्र कबोल गरेको कुल रकम | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३३ | Pipe pices (tukra) | Kg | १५।२५ | ६५ | ९९।२५ | | | | |
| ३४ | Vehicle Battery | Nos | ३३ | २०२९ | ६६९५७।०० | | | | |
| ३५ | Tyre | Nos | ३५ | १३८ | ४८३०।०० | | | | |
| ३६ | Vechile parts scraps Irons | Kg | ८८ | ६५ | ५७२०।०० | | | | |
| ३७ | Disconnecting Switch | Nos | १२ | १३० | १५६०।०० | | | | |
| ३८ | Different type channel | Kg | ५६१ | ६५ | ३६४६५।०० | | | | |
| ३९ | Railing gate | Kg | २४ | ६५ | १५६०।०० | | | | |
| ४० | Rail pole | Kg | १०११५ | ६५ | ६५७४७५।०० | | | | |
| ४१ | Red local pole | Kg | ९०० | ६५ | ५८५००।०० | | | | |
| ४२ | Scrap STP Pole 11 mter(Red) | Nos | ९१० | ६५ | ५९१५०।०० | | | | |
| ४३ | 0.03 Acsr condutor meter | Kg | ४१२३ | २४८ | १०२२५०४।०० | | | | |
| ४४ | 0.05 Acsr condutor meter | Kg | ५५०० | २४८ | १३६४०००।०० | | | | |
| ४५ | 0.1 Acsr condutor meter | Kg | २७१० | २४८ | ६७२०८०।०० | | | | |
| ४६ | ACSR conductor | Kg | १०७० | २४८ | २६५३६०।०० | | | | |
| ४७ | Stay wire | Kg | ९१२ | ६५ | ५९८।०० | | | | |
| ४८ | Suska cable | Kg | २१०० | २२८ | ४७८८००।०० | | | | |
| ४९ | 120 sq mm cover con. | Kg | २०३० | २२१ | ४४८६३०।०० | | | | |
| ५० | 100 sq mm cover con. | Kg | ५०४५ | २२४ | ११३००८०।०० | | | | |

NEPAL ELECTRICITY AUTHORITY
बालाजु वितरण केन्द्र, काठमाडौं

| क्र.स. | सामानको विवरण | इकाई | संख्या | कार्यालयको स्वीकृत प्रतिईकाई दररेट | कार्यालयको कुल रकम | बोलपत्र कबोल गरेको प्रति इकाई दर | | बोलपत्र कबोल गरेको कुल रकम | |
|---|---|---|---|---|---|---|---|---|---|
| ५१ | 120 ABC cable | Kg | ९२३ | २३४ | २१५९८२।०० | | | | |
| ५२ | 95 ABC cable | Kg | १०२७ | २३० | २३६२१०।०० | | | | |
| ५३ | 50 ABC cable | Kg | ४८० | २३० | ११०४००।०० | | | | |
| ५४ | 25 ABC cable | Kg | ४१० | २५६ | १०४९६०।०० | | | | |
| ५५ | Single phase meter | Nos | १९०४ | १७९ | ३४०८१६।०० | | | | |
| ५६ | 3 Phase meter | Nos | ५४२ | ८१८ | ४४३३५६।०० | | | | |
| ५७ | TOD | Nos | १६ | ४६८ | ७४८८।०० | | | | |
| ५८ | 150 A MCCB | Nos | १ | १८ | १८।०० | | | | |
| ५९ | 160A MCCB | Nos | ३२ | १९ | ६०८।०० | | | | |
| ६० | 300A MCCB | Nos | १ | १७२ | १७२।०० | | | | |
| ६१ | 400A MCCB | Nos | १ | २२३ | २२३।०० | | | | |
| ६२ | MCCB Box | Nos | २ | २६५६ | ५३१२।०० | | | | |
| ६३ | Stapler Machine big | Nos | १ | ९१ | ९१।०० | | | | |
| ६४ | Drill machine | Nos | १ | ६५ | ६५।०० | | | | |
| ६५ | Screw drive, Penchis | Kg | ३।९ | ५१०२ | १९८।९८ | | | | |
| ६६ | Change over switch | Nos | १ | २६० | २६०।०० | | | | |
| ६७ | Keyboard | Nos | १४ | ८ | ११२।०० | | | | |
| ६८ | Wheel bhayeko machine | Nos | १ | ४११७ | ४११७।०० | | | | |

| क्र.सं. | सामानको विवरण | इकाई | संख्या | कार्यालयको स्वीकृत प्रतिइकाई दररेट | कार्यालयको कुल रकम | बोलपत्र कबोल गरेको प्रति इकाई दर | | बोलपत्र कबोल गरेको कुल रकम | |
|---|---|---|---|---|---|---|---|---|---|
| ६९ | Wire Drum | Kg | २३ | ६५ | १४९५100 | | | | |
| ७0 | Wooden Pole | Kg | ७९०२ | १0 | ७९०२0100 | | | | |
| | | | | वम्मा | ७,८७0,३९0।२३ | | | | |
| | | | | भ्याट रकम | १,0२३,१५0।७३ | | | | |
| | | | | कुल रकम | ८,८९३,५४0।९६ | | | | |

नेपाल विद्युत प्राधिकरण
NEPAL ELECTRICITY AUTHORITY
बालाजु वितरण केन्द्र, बालाजु

# नेपाल विद्युत प्राधिकरण

## वितरण तथा ग्राहक सेवा निर्देशनालय

### बागमती प्रादेशिक कार्यालय

### बालाजु वितरण केन्द्र

बालाजु, काठमाण्डौं

नोट : आईटमवाईज रेटको सट्टा एकमुष्ट कबोल मुल्य पनि उल्लेख गर्न सकिनेछ । कबोल गरेको रकम देहायको स्थानमा अंक र अक्षरमा समेत स्पष्ट लेख्नु पर्नेछ । कबोल गरेको कुलजम्मा रकम (भ्याट सहित) = रु.........................................

अक्षरमा .....................................................................................................................

बोलपत्र प्रस्तावकको नाम : स्थायी ठेगाना :

अस्थायी ठेगाना : सम्पर्क फोन :

दस्तखत र छाप :